# भर्मन्टमा रहेका सार्वजनिक पुस्तकालयहरू

## सार्वजनिक पुस्तकालय भनेको के हो?

सार्वजनिक पुस्तकालयहरू शिक्षा, मनोरञ्जन र आत्म-सहायताका लागि ठाउँ हो र सबै उमेर र पृष्ठभूमिका मानिसहरूले सिक्ने र आत्म-सुधार गर्ने अवसरहरू प्रदान गर्छन्। पुस्तकालयहरूले सामान्यतया आगन्तुकहरूले पढ्न सक्ने साथै भवन र सुविधाहरूको प्रयोग गर्न सक्ने सामग्रीहरू प्रदान गर्छन्। पुस्तकालयका कर्मचारी सामान्यतया प्रश्नहरूको जवाफ दिन र पुस्तकालय प्रयोग गर्नमा आगन्तुकहरूलाई मद्दत गर्न उपलब्ध हुन्छन्।

## सार्वजनिक पुस्तकालयहरूले के प्रस्ताव गर्दछन्?

पुस्तकालयका धेरैजसो सामग्रीहरू केही समयावधिका लागि संरक्षकहरूले निकाल्न सक्नुहुन्छ र त्यसपछि संरक्षकले निःशुल्क पुस्तकालयमा फर्काउन सक्नुहुन्छ। सामग्रीहरूमा निम्न समावेश हुन सक्छन्:

- युवा तथा बच्चाका पुस्तकहरू
- समाचारपत्रहरू
- उपकरणहरू
- अडियो पुस्तक र संगीत
- पत्रिकाहरू
- चलचित्रहरू

धेरै पुस्तकालयहरूले आगन्तुकहरूलाई नि:शुल्क कार्यक्रमहरू प्रस्ताव गर्दछन्। धेरै प्रकारका कार्यक्रमसम्बन्धी पुस्तकालयहरू प्रस्ताव छन्:

- युवा र बालबालिकाका लागि शैक्षिक कार्यक्रमहरू
- कला कार्यक्रमहरू
- कथा समय र अन्य बालबालिकाका क्रियाकलापहरू
- संगीत कार्यक्रमहरू

धेरै पुस्तकालयहरूले आफ्ना आगन्तुकहरूलाई प्रविधि पनि प्रस्ताव गर्दछन्। प्रविधिका प्रकारहरूमा निम्न समावेश हुन सक्छन्:

- इन्टरनेटको पहुँच भएको कम्प्युटरहरू
- निः शुल्क वाइ-फाइ
- विद्युतीय ढाँचा भएका पुस्तकहरू
- प्रिन्टर र स्क्यानरहरू
- अनलाइन स्रोत तथा कक्षाहरू

पुस्तकालयहरूमा सामान्यतया आगन्तुकहरूका लागि आधारभूत सुविधाहरू छन्:

- बस्ने
- शौचालय र खानेपानी
- कार्य र गृहकार्य गर्नका लागि टेबलहरू
- बैठक कोठा वा शान्त अध्ययन क्षेत्रहरू

INSTITUTE of Museum and Library SERVICES
VERMONT DEPARTMENT OF LIBRARIES

## तपाईं कसरी पुस्तकालयको सदस्य बन्न सक्नुहुन्छ?

तपाईं पुस्तकालय भएकै नगरमा बस्नुहुन्छ भने पुस्तकालयको सदस्य निःशुल्क छ। धेरैजसो पुस्तकालयहरूले तपाईंको नाम, ठेगाना र फोन नम्बर वा इमेल ठेगाना सोध्ने छन्। केही पुस्तकालयहरूले तपाईंको ID सोध्ने छन्। पुस्तकालयले तपाईंको व्यक्तिगत जानकारीलाई कानुनद्वारा आवश्यक नभएसम्म कसैसँग पनि साझा गर्ने छैनन्। धेरैजसो अवस्थाहरूमा, पुस्तकालयमा जानका लागि तपाईंसँग पुस्तकालय सदस्यता हुनुपर्दैन।

## प्रश्नहरूको जवाफ प्राप्त गर्नुहोस्

लाइब्रेरियनहरू पुस्तकालयका प्रयोगकर्ताहरूले सोध्न चाहेका कुनै पनि प्रश्नको जवाफ दिनका निम्ति हर बखत उपलब्ध हुन्छन्। कुनै लाइब्रेरियनले तत्काल तपाईंको प्रश्नको जवाफ दिन सकेनन् भने पनि उनले त्यसका बारेमा अनुसन्धान गर्ने छन् र पछि जवाफ फेला पारेपछि तपाईंलाई सोको जवाफ दिने छन्।

## अनलाइनबाट जानकारी प्राप्त गर्नुहोस् (डेटाबेसहरू)

पुस्तकालयहरूले पुस्तकका अतिरिक्त अनलाइनमा भएका जानकारी डेटाबेसमार्फत हेर्ने सुविधा पनि प्रदान गर्छन्। यी डेटाबेसको प्रयोग गर्दा पैसा लाग्दैन र यिनमा तपाईंलाई चाहिने जानकारी समावेश भएका लेख, इबुक, भिडियो र फोटोहरू हुन्छन्। यिनमा शैक्षिक अनुसन्धानदेखि लिएर लेख र तपाईंका घरेलु परियोजना र सोखका विषयसम्बन्धी मार्गदर्शनसम्मका सबै जानकारी समावेश हुन्छन्। यो अनलाइनमा भएका जानकारी फेला पार्न सकिने उत्तम ठाउँ हो।

## पुस्तकहरू प्राप्त गर्नुहोस्

तपाईंलाई पुस्तकको शीर्षक वा लेखक/लेखिकाको नाम थाहा छ लाइब्रेरियनहरू तपाईंलाई उक्त पुस्तक फेला पार्न सघाउन सक्छन्। यसै गरी तपाईंको रुचि र तपाईंलाई चाहिएको जानकारीका आधारमा उनीहरू तपाईंलाई आगामी पुस्तकहरू सिफारिस गर्न पनि सक्छन्।

तपाईं आफ्नो पुस्तकालयमा गएका बेला त्यहाँ तपाईंले पढ्न चाहेका सबै पुस्तक उपलब्ध नहुन सक्छन्। खुसीको कुरा, लाइब्रेरियनहरू तपाईंको राज्य र त्यसभन्दा बाहिरका अन्य पुस्तकालयबाट तपाईंले पढ्न चाहेको पुस्तक मगाइदिन सक्छन्। लाइब्रेरियनहरू इन्टरलाइब्रेरी लोन सेवा प्रयोग गरी तपाईंलाई अन्य पुस्तकालयबाट पुस्तक मगाउन मद्दत गर्न सक्छन्। तपाईंले मगाएको पुस्तक आएपछि तपाईं उक्त पुस्तक पढ्न र पछि सीधै आफ्नो स्थानीय पुस्तकालयमार्फत सो पुस्तक फिर्ता गर्न सक्नुहुन्छ।

INSTITUTE of Museum and Library SERVICES
VERMONT DEPARTMENT OF LIBRARIES